**बागमती प्रदेश सरकार**

## सहकारी तथा गरिबी निवारण मन्त्रालय

## समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

**टंक प्रसाद घुम्ती सडक, अनामनगर, काठमाडौं ।**

# दायित्व फरफारक सम्बन्धी अत्यन्त जरुरी सूचना

**सूचना प्रकाशन मिति:२०८३/०१/१२**

बागमती प्रदेश सरकार, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रदेश सहकारी ऐन २०७६ को दफा ८१ बमोजिम समस्याग्रस्त घोषणा भई सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीका लागि यस समितिको मातहत आएका तपशिल बमोजिमका सहकारी संस्थाका सञ्चालक, ऋणी सदस्य, व्यवस्थापक, कर्मचारीहरू, जमानीहरूलाई कार्यालयको वेबसाइट र राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन, फोन लगायतका माध्यमबाट पटक पटक जानकारी गराउँदा पनि हालसम्म ऋण चुक्ता गर्न बाँकी रहेका ऋणीहरूले बुझाउनु पर्ने ऋणको साँवा, ब्याज तथा हर्जनासमेत नबुझाएको हुँदा यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस समितिको कार्यालय अनामनगर, काठमाडौँमा सम्पर्क गरी आफ्नो हरहिसाब लिई रकम बुझाउनको लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि ऋण फरफारक नगरेमा ऋणीहरूको नाम नामेसी सहितको विवरण सार्वजनिक गर्ने, ऋणी तथा निजको परिवार र जमानीको सम्पत्ति र खाता रोक्काको लागि सम्बन्धित निकायमा लेखि पठाउनुका साथै प्रदेश सहकारी ऐन २०७६ र प्रदेश सहकारी नियमावली २०७६ बमोजिम कर्जा लिंदा लेखिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी सहकारी संस्थाको सम्पूर्ण लेना रकम असुल उपर गरिने व्यहोरासहित सम्बन्धित ऋणी तथा जमानीहरूको जानकारी तथा कार्वाहीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल:**

| क्र.स | सहकारी संस्थाको नाम | समस्याग्रस्त घोषित मिति |
|---|---|---|
| १ | सिभिल सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेड | २०८०/०५/२१ |
| २ | दर्शन बचत तथा ऋण सहकारी संस्था लि. | २०८१/०७/११ |
| ३ | सुमेरु वचत तथा ऋण सहकारी संस्था लि. | २०८१/०९/२८ |
| ४ | लालिगुराँस बचत तथा ऋण सहकारी संस्था लि. | २०८१/०९/२८ |
| ५ | नेशनल नमोबुद्ध बचत तथा ऋण सहकारी संस्था लि. | २०८१/०९/२८ |